# HPV खोप क्यान्सरबाट जोगाउँछ

**HPV-9 खोप १२ र १३ वर्षका सबै विद्यार्थीहरूलाई  दिइनेछ। सानो उमेरमा रोगप्रतिरोधात्मक क्षमता धेरै हुने भएकाले, यही बेला नै यो खोप लगाउनु प्रभावकारी हुन्छ। यो खोप १२ कक्षासम्मका सबै विद्यार्थीहरूका लागि नि:शुल्क उपलब्ध हुनेछ।**

## यो खोपले के गर्छ?

धेरैजसो मानिसहरू आफ्नो जीवनकालमा मानव प्यापिलोमा भाइरस (HPV) सँग सम्पर्कमा आउँछन्।
HPV खोपले सामान्य र उच्च-जोखिम भएका ९ प्रकारबाट जोगाउँछ।यी प्रकारहरूले निम्न स्वास्थ्य समस्या ल्याउन सक्छन्:

- **टाउको र घाँटीको क्यान्सर**
- **गर्भाशयमुख (सर्भाइकल) र योनिको क्यान्सर**
- **मलद्वारको क्यान्सर**
- **लिङ्ग (पेनिस) को क्यान्सर**
- **जननेन्द्रिय वरिपरिका दानाहरू (Genital warts)**

## विद्यालयमा HPV खोप लगाउने ३ कारणहरू

### यो काम गर्छ!

पूरा मात्रा HPV खोपले रोक्न सक्छ:

- ९०% भन्दा बढी गर्भाशयमुख (सर्भाइकल) क्यान्सर र जननेन्द्रिय वरिपरिको दानाहरू (Genital warts)।
- अधिकांश मलद्वार, योनि, भल्भा, लिङ्ग (पेनिस), मुख र घाँटीको क्यान्सर।

### यो सुरक्षित छ!

विश्वभरका करोडौं मानिसहरूले सुरक्षित रूपमा HPV खोप लगाइसकेका छन्। साइड इफेक्टहरू प्राय: हल्का हुन्छन् र यसको सुरक्षा  निगरानी निरन्तर गरिन्छ ।

### यो सजिलै पाईन्छ!

तपाईंको बच्चाको विद्यालयमा नर्स आएर HPV खोप दिनेछ—अपोइन्टमेन्ट बुक गर्न वा कामबाट छुट्टी लिन आवश्यक छैन। केवल सहमति फर्म भर्नु पर्नेछ  ।

PublicHealth
WELLINGTON-DUFFERIN-GUELPH
*Stay Well.*

## HPV खोपका फाइदाहरू



1. **क्यान्सरबाट जोगाउँछ**
2. **सम्पर्क हुनुअघि दिँदा सबैभन्दा प्रभावकारी हुन्छ**
3. **कक्षा १२ कक्षा समाप्तिसम्म नि:शुल्क उपलब्ध**
4. **जननेन्द्रिय वरिपरिको दानाहरू (Genital warts) रोक्छ**
5. **दीर्घकालीन सुरक्षा प्रदान गर्छ**
6. **सुरक्षित र राम्रोसँग अध्ययन गरिएको**

## के तपाईं सहमति फारम भर्न तयार हुनुहुन्छ?

QR कोड स्क्यान गर्नुहोस् वा तलको लिंकमा जानुहोस्
[wdgpublichealth.ca/Gr7Consent](wdgpublichealth.ca/Gr7Consent)

स्क्यान गर्नु

## प्रश्नहरू छन्?

**1-800-265-7293 ext. 7006**
[wdgpublichealth.ca/HPVfacts](wdgpublichealth.ca/HPVfacts)

# Hepatitis B खोप कलेजोको संक्रमणबाट जोगाउँछ

**हेपाटाइटिस बी खोप १२ र १३ वर्षका सबै विद्यार्थीहरूलाई दिइनेछ। सानो उमेरमा रोगप्रतिरोधात्मक क्षमता धेरै हुने भएकाले, यही बेला नै यो खोप लगाउनु प्रभावकारी हुन्छ। यो खोप १२ कक्षासम्मका सबै विद्यार्थीहरूका लागि नि:शुल्क उपलब्ध हुनेछ।**

## यो खोपले के गर्छ?

हेपाटाइटिस बी खोपले हेपाटाइटिस बी भाइरसबाट बचाउँछ, जसले कलेजोमा क्षति, कलेजोको क्यान्सर वा मृत्यु समेत गराउन सक्छ।
क्यानडामा कलेजोको क्यान्सर हुने प्रमुख कारण हेपाटाइटिस बी हो

## विद्यालयमा हेपाटाइटिस बी खोप लगाउने ३ कारण:

### यो काम गर्छ!

१०जना मध्ये १हेपाटाइटिस बी सङ्क्रमित व्यक्ति जीवनभरि यो भाइरस बोकेर बस्छन्।
दीर्घकालीन स्वास्थ्य जोखिमबाट जोगिन सबैभन्दा राम्रो उपाय खोप लगाउनु हो।
हेपाटाइटिस बी खोप अत्यन्त प्रभावकारी हुन्छ र सिफारिस गरिएको डोज दिइएमा ९८% मानिसलाई सुरक्षा प्रदान गर्छ।

### यो सुरक्षित छ!

हेपाटाइटिस बी खोपलाई ध्यानपूर्वक परीक्षण गरिएको छ र यसको सुरक्षालाई निरन्तर निगरानी गरिन्छ।
खोप लगाउँदा देखिने प्रतिक्रिया(side effect ) प्रायः हल्का मात्र हुन्छ। हेपाटाइटिस बी लाग्नु भन्दा पहिले बच्चालाई खोप लगाउनु धेरै सुरक्षित हुन्छ।

### यो सजिलै पाईन्छ!

तपाईंको बच्चाको विद्यालयमा नर्स आएर Hepatitis B खोप दिनेछ—अपोइन्टमेन्ट बुक गर्न वा कामबाट छुट्टी लिन आवश्यक छैन। केवल सहमति फर्म भर्नु पर्नेछ ।

## हेपाटाइटिस बी खोपका फाइदाहरू:



1. **कलेजोको रोग र कलेजोको क्यान्सरबाट जोगाउँछ।**
2. **संक्रमण हुनु अघि खोप दिइँदा सबैभन्दा प्रभावकारी हुन्छ।**
3. **कक्षा १२ को अन्त्यसम्म नि:शुल्क उपलब्ध।**
4. **दीर्घकालीन सुरक्षा प्रदान गर्छ।**
5. **सुरक्षित र राम्ररी अध्ययन गरिएको।**

## के तपाईं सहमति फारम भर्न तयार हुनुहुन्छ?

QR कोड स्क्यान गर्नुहोस् वा तलको लिंकमा जानुहोस्
wdgpublichealth.ca/Gr7Consent

## के तपाईंलाई कुनै प्रश्न छ?

**1-800-265-7293 ext. 7006**
wdgpublichealth.ca/HepBfacts

स्क्यान गर्नु

PublicHealth WELLINGTON-DUFFERIN-GUELPH *Stay Well.*

# MenC-ACYW खोप मेङ्गोकोकल रोगबाट जोगाउँछ।

PublicHealth
WELLINGTON-DUFFERIN-GUELPH
*Stay Well.*

**खोप १२ र १३ वर्षका सबै विद्यार्थीहरूलाई दिइनेछ। सानो उमेरमा रोगप्रतिरोधात्मक क्षमता धेरै हुने भएकाले, यही बेला नै यो खोप लगाउनु प्रभावकारी हुन्छ। यो खोप १२ कक्षासम्मका सबै विद्यार्थीहरूका लागि निःशुल्क उपलब्ध हुनेछ।**

## यो खोपले के गर्छ?

MenC-ACYW खोपले तपाईंको बच्चालाई मेङ्गोकोकल रोगबाट जोगाउँछ, जुन जीवन-खतरनाक ब्याक्टेरियल संक्रमण हो र यसले बधिरता, दौरा, मस्तिष्क क्षति, अंग हराउने वा मृत्यु समेत गराउन सक्छ।

## विद्यालयमा यो खोप लगाउने ३ कारण:

### यो काम गर्छ!

MenC-ACYW खोप मेङ्गोकोकल रोग रोक्न ८०–८५% प्रभावकारी छ।
यो खोक्दा, हाछ्युँ गर्दा वा जूठो खानेकुरा र पेय पदार्थ बाट सजिलै संक्रमण हुन्छ
यस रोग लागेका १०० मध्ये करिब १ जना को मृत्यु हुन्छ

### यो सुरक्षित छ!

खोपलाई ध्यानपूर्वक परीक्षण गरिएको छ र यसको सुरक्षालाई निरन्तर निगरानी गरिन्छ।
खोप लगाउँदा देखिने प्रतिक्रिया प्रायः हल्का मात्र हुन्छ।
मेङ्गोकोकल रोग लाग्नु भन्दा तपाईंको बच्चाले खोप लगाउनु धेरै सुरक्षित हुन्छ।

### यो सजिलै पाईन्छ!

तपाईंको बच्चाको विद्यालयमा नर्स आएर MenC-ACYW खोप दिनेछ—अपोइन्टमेन्ट बुक गर्न वा कामबाट छुट्टी लिन आवश्यक छैन। केवल सहमति फर्म भर्नु पर्नेछ ।

## Meningococcal खोपका फाइदाहरू:

1. एकदम गम्भीर संक्रमणबाट जोगाउँछ।
2. संक्रमण हुनु अघि दिइँदा सबैभन्दा प्रभावकारी हुन्छ।
3. कक्षा १२ को अन्त्यसम्म निःशुल्क।
4. दीर्घकालीन सुरक्षा प्रदान गर्छ।
5. सुरक्षित र राम्ररी अध्ययन गरिएको।



## के तपाईं सहमति फारम भर्न तयार हुनुहुन्छ?

QR कोड स्क्यान गर्नुहोस् वा तलको लिंकमा जानुहोस्
wdgpublichealth.ca/Gr7Consent

## के तपाईंलाई कुनै प्रश्न छ?

**1-800-265-7293 ext. 7006**
wdgpublichealth.ca/MenCfacts

स्क्यान गर्नु